नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सङ्खुवासभा

फोनः ०२९-५६०१३३
०२९-५६०१३४
फ्याक्सः ०२९-५६०५३३
E-mail: daosankhuwasabha@gmail.com

पत्र संख्याः- ०७८/७९

चलानी नम्बरः- ४७६

मिति.....२०७८/०५/२५

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

**विषय : स्वीकृत सम्बन्धमा ।**

श्री समाज विकास केन्द्र (सोडेक)

खाँदवारी, संखुवासभा

त्यस संस्थाको मिति २०७८।०५।१५ गतेको विद्यान सम्सोधन स्वीकृत गरिपाउँ भनी मिति २०७८।०५।१४ को साधारण सभाको निर्णय र ३ महले फारम सहित पेश भएका निवेदन उपर कारवाही हुदाँ मिति २०७८।०५।२४ को निर्णय अनुसार सम्वन्धीत निकायको स्वीकृति, अनुमति, इजाजत लिई तोकिएको मापदण्ड, प्रकृया र कार्यविधि पुरा गर्ने गरी अस्थाई महिला सुरक्षित आवासगृह सञ्चालन गर्न र अन्य बुदाको हकमा कानुनी प्रकृया पुरा गर्ने गरी उक्त संस्थाको यसैसाथ संलग्न सम्सोधित वुंदामा समावेश विद्यान पान १ (एक) स्वीकृत भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

२०७८/५/२५

(मोहनमणि घिमिरे)
सहायक प्रमुख जिल्ला अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी

**१.४ संस्थाको चिन्ह र छाप**

यो संस्थाको चिन्ह अनुसूचि २ मा भए बमोजिम हुनेछ र "समाज बिकास केन्द, २०५७" भएको गोलाकार छाप हुनेछ।

**१.५ संस्थाको कार्यालय**

क) समाज विकास केन्द्रको केन्द्रीय कार्यालय संखुवासभा जिल्लाको खाँदबारीमा रहनेछ।

ख) आवश्यकता अनुसार अन्य अञ्चल र जिल्लाहरुमा पनि स्थानिय अधिकारीको स्वीकृति लिई शाखा वा उपशाखाको कार्यालयहरु खोल्न सकिनेछ। यसका आवश्यक प्रक्रिया पुरा गरिनेछन्।

**१.६ कार्य क्षेत्र**

समाज विकास केन्द्रको कार्यक्षेत्र विपन्न घर परिवार, वस्तिहरु, दुर्गम भेग, तराई, पहाड, हिमाली भेग र मुलुकको जुनसुकै ठाउँहरुमा पनि हुन सक्नेछ। यस संस्थाले आर्जेको ज्ञान र अनुभवद्धारा मुलुक बाहिरको ठाउँहरुमा पनि कार्य गर्न सक्नेछ।

## परिच्छेद-२

**२.१ उद्देश्यहरु**

प्रचलित ऐन तथा नेपाल सरकारको नीति नियमको अधिनमा रही सम्वन्धित क्षेत्रको बिकास कार्यहरुसँग समन्वय राखी विकास निर्माण तथा समाज कल्याणका कार्यक्रमहरु सञ्चालन गर्न यस संस्थाको निम्न उद्देश्यहरु रहने छन्:

क) ग्रामिण तथा शहरी विपन्न वर्गका जनताहरुको आर्थिक विकासका संभावनाको पहिचान गरी त्यसको दिगो उपयोग गर्न सहयोग गर्नु।

ख) समुदायमा आधारित संगठनहरुको निर्माण र शसक्तिकरण गरी उनीहरुलाई अधिकार, विकासका स्रोत र अवसरहरुलाई लिन र उपयोग गर्न सक्षम बनाउनु।

ग) विकाससँग सम्वद्ध संघ संस्थाहरु बीच समन्वय र सम्बन्ध निर्माण गरी परिचालन गर्नु।

घ) समुदायको स्वस्थ्य र शिक्षाको स्तर उकास्न आवश्यक सहयोग गर्नुका साथै लैंगिक तथा सामाजिकरुपमा हुने हिंसा न्युनीकरण, सामाजिक मेलमिलाप तथा मानव अधिकारको क्षेत्रमा काम गर्नु ।

ङ) समुदायलाई वन व्यबस्थापन र यसको दीगो उपयोग, जलवायु परिवर्तन र अनुकुलन तथा विपद न्यूनीकरण, पूर्वतयारी र व्यवस्थापनको लागि सहयोग गर्नु।

च) पर्यटन प्रवर्धनसँग सम्बन्धित कार्यक्रमहरुमा सहयोग गर्नु।

छ) स्थानीय तहको मानव संसाधन विकासको लागि सहयोग गर्नु।

ज) विकासका संभावनाहरु पहिल्याउन अध्यायन अनुसन्धान गर्नु।

झ) बाटो, पुल, सिंचाई, खानेपानी, लघु जलबिद्युत जस्ता भौतिक पुर्वाधार बिकासका कार्यक्रमहरु संचालन गर्नु।

ञ) अस्थायी महिला सुरक्षित आवाशगृह सञ्चालन गर्नु।

साधारण सभाको बैठकको निर्णय अनुसार संस्थाको विधान सशोधन खारेज र थप गरिएका बुदाहरु

| क.स | साविकमा भएको व्यवस्था | | शशोधित अवस्था | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | परिच्छेद ,दफा ,उपदफा | विधानमा हाल भएको व्यवस्था | परिच्छेद ,दफा ,उपदफा | थप,घट संशोधन,खारेज | संशोधनका लागि प्रस्ताव भएको व्यवस्था | संशोधन गर्नका कारण | |
| | २.१ क | ग्रामिण गरिव जनताहरुको आर्थिक संभावनाहरुको पहिचान गर्ने र त्यसको दिगो उपयोग गर्ने योजना बनाउन सहयोग गर्नु | २.१ क | सशोधन | ग्रामिण तथा शहरी विपन्न वर्गका जनताहरुको आर्थिक विकासका सभावनाको पहिचान गरी त्यसको दिगो उपयोग गर्न सहयोग गर्नु । | शहर केन्द्रित विपन्न वर्गहरुको संख्या वृद्धि भै रहेकोले । | |
| | २.१ ख | आर्थिक विकासका कार्यहरुलाई टेवा पुऱ्याउन आवश्यक पर्ने भौतिक तथा संस्थागत पूर्वाधारहरुको निर्माण गर्नु | २.१ ख | खारेज | खारेज गरिएको । | अरु बुदा सँग दोहोरिन गएकोले । | |
| | २.१ ङ | गरिब र पिछडिएका जनताहरुको स्वास्थ्य र शिक्षाको स्तर उकास्न आवश्यक सहयोग गर्नु । | २.१ ङ | संसोधन गरिएको | समुदायको स्वस्थ्य र शिक्षाको स्तर उकास्न आवश्यक सहयोग गर्नुका साथै लैगिक तथा सामाजिकरुपमा हुने हिंसा न्युनिकरण ,सामाजिक मेलमिलाप तथा मानव अधिकारको क्षेत्रमा काम गर्नु । | कोभिड १९ जस्तो महामारीको समयमा सबै समुदायको स्वस्थ्य तथा शिक्षामा काम गर्न आवश्यक ठानिएकोले । | |
| | २.१ च | समुदायलाई वन व्यवस्थापन र यसको दिगो उपयोगको लागि सहयोग गर्नु । | २.१ च | संसोधन गरिएको | समुदायलाई वन व्यावस्थापन र यसको दीगो उपयोग ,जलवायु परिवर्तन र अनुकुलन तथा विपद न्युनिकरण, पूर्वतयारी र व्यवस्थापनको लागि सहयोग गर्नु । | वन व्यावस्थापनका अतिरिक्त जलवायु परिवर्तन र विपत न्यूनिकरणका क्षेत्रमा पनि काम गर्न आवश्यक ठानिएकोले । | |
| | २.१ छ | पर्यटन प्रवर्धन गर्नु । | २.१ छ | संसोधन गरिएको | पर्यटन प्रवर्धनसँग सम्वन्धित कार्यक्रमहरुमा सहयोग गर्नु । | पर्यटन प्रवर्धन कार्यक्रममा संस्था सहयोगी मात्र बन्न सक्ने भएकोले । | |
| | २.१ ज | शान्ति ,मेलमिलाप ,सामाजिक विकास,मानव अधिकार तथा वातावरणको क्षेत्रमा काम गर्नु । | २.१ ज | खारेज | खारेज गरिएको । | अरु बुदा सँग दोहोरिन गएकोले । | |
| | २.१ झ. | स्थानीय तहको मानवीय संसाधन विकासको लागि सहयोग गर्नु । | २.१ झ. | संसोधन गरिएको | स्थानीय सरकारको मानव संसाधन विकासको लागि सहयोग गर्नु । | सामान्य भाषा मात्र सच्याइएको । | |
| | २.१ ञ | | २.१ ञ | थप गरिएको | अस्थायी महिला सुरक्षित आवाशगृह संचालन गर्नु । | नयाँ कार्यक्रम थप गर्न आवश्यक ठानिएकोले । | |

सम्बन्धित निकायको स्वीकृति ,अनुमति र इजाजत लिई तोकिएको मापदण्ड, कार्यविधि र प्रकृया पूरा गरी अस्थायी महिला आवास गृह सञ्चालन गर्ने र अन्य बुँदाको हकमा कानूनी प्रकृया पूरा गर्ने गरी २०८०।४।२४ को निर्णयानुसार प्रस्तुत विधान संशोधनको प्रस्ताव स्वीकृत गरिएको छ।

२०८०।४।२८

सहायक प्रमुख जिल्ला अधिकारी